Nepalês

# निस ना होरा (NISS NA HORA)
# विदेशी नागरिकहरूको लागि

**लक्षित समूह**

रोजगारी, स्वरोजगार मजदुर वा घरेलु सेवा योजना अन्तर्गत आफ्नो व्यावसायिक गतिविधि सुरू गर्न चाहने विदेशी नागरिकहरू।

**आवेदन पेश गर्ने ठाउँ**

- **रोजगारदाताहरू:**

  सेगुरान्सा सोसिअल दिरेता अर्थात सामाजिक सुरक्षा प्रतिष्ठानको अनलाइन सेवाको मेनुमा “Documentos de prova/NISS na hora/Pedido da Entidade Empregadora” मा गई आवश्येक फारम र कागजातहरू पठाएर निस ना होर अर्थात सामाजिक सुरक्षा नं को आवेदन गर्न सकिन्छ।

- **स्वरोजगार कामदारहरू:**

  सामाजिक सुरक्षा नं को आवेदन गर्न आवश्येक कागजातहरू स्क्यान गरी ISS-Pedido-NISS@seg-social.pt मा इमेल मार्फत पठाउँन सकिन्छ।

**आवश्यक कागजातहरू**

**कर्मचारी र घरेलु कामदारहरू:**

- RV 1009/2018-DGSS र RV 1006/2018-DGSS आवेदन फारम;
- पहिचान कागजात को सरल प्रतिलिपि - पासपोर्ट, नागरिक कार्ड वा मूल देशको अन्य नागरिक पहिचान कागजात;
- कर पहिचान कागजातको प्रतिलिपि (NIF);
- रोजगार सम्झौता र निम्न जानकारी समावेश गरिएको साधारण प्रतिलिपि:
  - कामदारको नाम र ठेगाना;
  - रोजगारदाताको नाम र मुख्यालयको ठेगाना;
  - रोजगारदाताको गतिविधि;
  - गतिविधि जसको लागि कामदारलाई राखिएको थियो;
  - काम गर्ने ठाउँ र सामान्य कार्य अवधि;
  - आय रकम र भुक्तानी को आवृत्ति;
  - रोजगार सम्झौताको सुरुको मिति;
  - रोजगार सम्झौताको प्रकार;
  - दुवै पक्षको हस्ताक्षर

SEGURANÇA SOCIAL | INSTITUTO DA SEGURANÇA SOCIAL, I.P. | ACM ALTO COMISSARIADO PARA AS MIGRAÇÕES, I.P.

घरेलु श्रमिकहरूले निम्न कागजातहरू पनि पेश गर्नुपर्दछ:

- योगदान भुक्तानी सम्झौता प्राप्त वास्तविक आयको आधारमा, यदि यो जानकारी रोजगार सम्झौतामा समावेश गरिएको छैन;
- मेडिकल सर्टिफिकेट, आवेदकको पेशागत गतिविधि गर्न शारीरिक र मानसिक क्षमता उल्लेख गर्दै, "सर्भियो नासियोनल डे साएडे" (राष्ट्रिय स्वास्थ्य सेवा) द्वारा जारी गरिएको;
- नियोक्ताको नागरिक पहिचान कागजातको प्रतिलिपि।

**स्वरोजगार कामदारहरू:**

- RV 1000/2019-DGSS र RV 1006/2018-DGSS आवेदन फारम;
- पहिचान कागजात को सरल प्रतिलिपि - पासपोर्ट, नागरिक कार्ड वा मूल देशको अन्य नागरिक पहिचान कागजात;
- कर र भन्सार प्राधिकरण अर्थात फिनान्स द्वारा जारी गरिएको स्वरोजगार गतिविधि शुरुवात विवरणको प्रतिलिपि।

**सामाजिक सुरक्षा पोर्टलमा थप जानकारी उपलब्ध:**
www.seg-social.pt/GuiasPráticos/Atribuição de NISS NA HORA a Cidadãos Estrangeiros (PracticalGuides/NISS विदेशी नागरिकका लागि समय विनियोजन)